# न्यायाधीश विरुद्ध परेका उजूरी उपर कारबाही सम्बन्धी कार्यविधि, २०७५

नेपालको संविधान, न्याय परिषद ऐन, २०७३ र न्याय परिषद नियमावली, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम न्यायाधीशविरुद्ध परेका उजूरी उपरको कारबाही सम्बन्धी प्रकृयालाई सु-व्यवस्थित, अनुमानयोग्य र विश्वसनीय बनाई न्यायपालिकाप्रति जनआस्था अभिबृद्धि गर्न वान्छनीय भएकोले,

न्याय परिषद नियमावली, २०७४ को नियम २६ ले दिएको अधिकार प्रयोग गरी न्याय परिषदले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "न्यायाधीशविरुद्ध परेका उजूरी उपर कारबाही सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।

२. **कार्यविधि लागू हुने:** यो कार्यविधि न्याय परिषदले स्वीकृत गरेको मितिबाट लागू हुनेछ ।

३. **परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-**

(क) "अदालत" भन्नाले उच्च अदालत र जिल्ला अदालत र अन्य न्यायाधीकरण समेत सम्झनु पर्छ ।

(ख) "आचार संहिता" भन्नाले न्यायाधीशको आचार संहिता, २०७४ सम्झनु पर्छ ।

(ग) "उजूरी" भन्नाले जुनसुकै माध्यमबाट न्यायाधीशका विरुद्धमा प्राप्त हुने उजूरी सम्झनु पर्छ ।

(घ) "उजूरी शाखा" भन्नाले नियमावलीको नियम १९ को उपनियम (१) को खण्ड (ख) को देहाय (अ) बमोजिम गठित उजूरी शाखा सम्झनु पर्छ ।

(ङ) "ऐन" भन्नाले न्याय परिषद ऐन, २०७३ सम्झनु पर्छ ।

(च) "नियमावली" भन्नाले न्याय परिषद नियमावली, २०७४ सम्झनु पर्छ ।

(छ) "न्यायाधीश" भन्नाले उच्च अदालतका मुख्य न्यायाधीश एवम् न्यायाधीश, जिल्ला अदालतका न्यायाधीश तथा परिषदको सिफारिस वा परामर्शमा कुनै विशेष अदालत वा न्यायाधीकरण वा न्यायिक निकायमा कार्यरत न्यायाधीश समेत सम्झनु पर्दछ ।

(झ) "परिषद" भन्नाले नेपालको संविधानको धारा १५३ बमोजिमको न्याय परिषद सम्झनु पर्छ ।

(ञ) "महाशाखा प्रमुख" भन्नाले नियमावलीको नियम १९ को उपनियम (१) को खण्ड (ख) बमोजिम गठित उजूरी तथा अनुगमन महाशाखाको प्रमुख सम्झनु पर्छ ।

(ट) "कार्यविधि" भन्नाले न्यायाधीश बिरुद्ध परेका उजूरी उपर कारबाही सम्बन्धी कार्यविधि, २०७५ सम्झनु पर्छ।

(ठ) " सचिव" भन्नाले न्याय परिषद ऐन, २०७३ को दफा ३६ बमोजिम न्याय परिषदको प्रशासकीय प्रमुखको रुपमा रहने सचिव सम्झनु पर्छ ।

(ड) "सचिवालय" भन्नाले न्याय परिषद ऐन, २०७३ को दफा ३४ बमोजिम गठित सचिवालय सम्झनु पर्छ।

(ढ) "सदस्य" भन्नाले संविधानको धारा १५३ बमोजिम गठित न्याय परिषदको सदस्य सम्झनु पर्छ ।

(ण) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

४. **उजूरी छानविनको दायरा भित्र पर्ने पदहरु :** देहाय बमोजिमका न्यायाधीशहरु छनविनको दायरा भित्र पर्नेछन्ः-

(क) उच्च अदालतका मुख्य न्यायाधीश,

(ख) उच्च अदालतका न्यायाधीश,

(ग) परिषदको सिफारिस वा परामर्शमा कुनै विशेष अदालत वा न्यायाधीकरण वा न्यायिक निकायमा कार्यरत न्यायाधीश र

(घ) जिल्ला अदालतका न्यायाधीश ।

५. **उजूरी सम्बन्धी विषयहरु :** परिषदले देहाय बमोजिमका विषयहरुलाई उजूरीको रुपमा ग्रहण गर्ने छ ।

(क) कार्यक्षमताको अभाव,

(ख) खराब आचरण वा आचार संहिताको गम्भीर उलंघन गरेको र

(ग) इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेको वा बदनियतपूर्वक काम गरेको ।

## परिच्छेद-२
## उजूरी सम्बन्धी कारबाही प्रक्रिया

६. **उजूरी निवेदन दर्ताः** (१) कुनै पनि न्यायाधीश विरुद्ध नियमावलीको नियम १७ (१) बमोजिम परेको उजूरी सामान्यतया दर्ता गर्न इन्कार गरिने छैन ।

(२) सचिवालयमा प्राप्त उजूरीहरुमा नियमावलीको नियम १७ को उपनियम (२) बमोजिमको विवरण स्पष्ट खुली आएमा सचिव मार्फत उजूरीको रुपमा दर्ताको लागि सम्बन्धित महाशाखामा पठाइने छ। सम्भव भएसम्म उजूरीकर्तालाई सनाखत गराई दर्ता गरिने छ ।

(३) सचिवालयमा दर्ता गर्न ल्याएको उजूरी ३ (तीन) पृष्ठभन्दा बढी भएमा २ (दुई) पृष्ठमा नबढ्ने गरी संक्षेपीकरण (मजबुन) पेश गर्नु पर्नेछ ।

(४) सचिवालयमा प्राप्त हुने सबै उजूरी निवेदन सर्बप्रथम गोश्वारा दर्ता कितावमा दर्ता गरी सामान्यतया देहायको विषयसँग सम्बन्धित उजूरीहरुको छुट्टाछुट्टै दर्ता किताब खडा गरिनेछ ।

(क) कार्यक्षमताको अभाव,

(ख) खराब आचरण वा आचार संहिताको गम्भीर उलंघन गरेको र

(ग) इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेको वा बदनियतपूर्वक काम गरेको ।

(५) सञ्चार माध्यमबाट प्रकाशित समाचारको गाम्भिर्यताको आधारमा समेत सचिवालयले त्यस्ता समाचारलाई श्रोतको रुपमा ग्रहण गरी दर्ता गर्न सक्नेछ ।

(६) न्यायिक सुशासन कायम गर्न संविधान एवम् कानून बमोजिम स्थापित अन्य कुनै निकायमा परेका उजूरी तत् तत् निकायबाट सचिवालयमा लेखी आएमा गाम्भिर्यताको आधारमा ती उजूरी समेत दर्ता गर्न सकिने छ।

(७) एकै न्यायाधीश उपर एकै विषयमा एकभन्दा बढी उजूरी प्राप्त भएमा पछिल्ला उजूरीहरु पहिले दर्ता भई खडा गरिएको फाइलमा संलग्न गरी राखिनेछ ।

(८) दफा ८, ९ र १० बमोजिमको प्रतिवेदन पेश भएपछि उक्त उजूरी निवेदनलाई पुनः उजूरी प्रतिवेदनको रुपमा दर्ता गरिनेछ ।

७. **उजूरीसँग सम्बन्धित कागजात वा विवरण झिकाउनेः** (१) कुनै न्यायाधीश उपर उजूरी परी सचिवको निर्देशनमा त्यस्तो उजूरी दर्ता भएपछि सम्बन्धित महाशाखा प्रमुखले उजूरीसँग सम्बन्धित कागजात वा विवरण सम्बन्धित अदालत वा निकायबाट झिकाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कागजात वा विवरण झिकाउनको लागि सम्बन्धित उजूरी शाखाले गोप्य रुपमा पत्राचार गर्नेछ र प्राप्त कागजात वा विवरण सम्बन्धित उजूरी फाइलमा संलग्न गर्नेछ ।

८. **उजूरीसँग सम्बन्धित मुद्दा अध्ययन सम्बन्धमा :** (१) ऐनको दफा १७ (१) बमोजिम कुनै मुद्दाको सम्बन्धमा कुनै न्यायाधीश विरुद्ध न्याय परिषदमा उजूरी परेमा सम्बन्धित महाशाखा प्रमुखले मुद्दासँग सम्बन्धित कागजात विवरण झिकाउन लगाउनेछ ।

(२) उपदफा (१) बमोजिम परेको उजूरीसँग सम्बन्धित मुद्दाको अध्ययन गर्न न्याय परिषदले कुनै सदस्यलाई तोकेमा उजूरी र सो सँग सम्बन्धित फाइल सदस्यसमक्ष पेश गर्ने दायित्व सम्बन्धित उजूरी महाशाखाको हुनेछ ।

(३) उजूरीसँग सम्बन्धित मुद्दाको अध्ययन गर्दा न्याय परिषदका सदस्यले ऐनको दफा १७(२) बमोजिम मुद्दासँग सम्बन्धित थप आवश्यक कागजात वा फाइल मगाउन आदेश दिएमा लिखित रुपमा सो आदेश मिसिल संग्लग्न गरी उजूरी शाखाले तुरुन्त पत्राचार गरी आदेश कार्यान्वयन गर्नु पर्नेछ ।

(४) ऐनको दफा १७(१) बमोजिम उजूरीसँग सम्बन्धित मुद्दाको अध्ययनको लागि तोकिएको सदस्यले मुद्दाको अध्ययन गरी ऐनको दफा १७(३) बमोजिम परिषदले तोकेको अवधिभित्र रायसहितको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम पेश भएको प्रतिवेदन न्याय परिषदको बैठकमा सचिवले निर्णयार्थ पेश गर्नु पर्नेछ।

(६) ऐनको दफा १७(१) बमोजिम उजूरीसँग सम्बन्धित मुद्दाको अध्ययनको लागि तोकिएको सदस्यलाई आवश्यक सहयोग गर्न सचिवले कर्मचारी खटाउनु पर्नेछ ।

९. **प्रारम्भिक छानबिन सम्बन्धी :** (१) न्यायाधीशको विरुद्धमा सचिवालयमा प्राप्त उजूरी वा अनुगमन वा निरीक्षण प्रतिवेदनको आधारमा वा न्याय परिषद आफैले उच्च अदालत वा जिल्ला अदालतको कुनै न्यायाधीश विरुद्ध छानबिन गर्न आवश्यक देखेमा ऐनको दफा १८(१) बमोजिम न्याय परिषदले कुनै सदस्य वा सर्वोच्च अदालतको कुनै न्यायाधीशलाई प्रारम्भिक छानबिनको लागि तोकेमा उजूरीसँग सम्बन्धित फाइल सम्बन्धित छानबिनकर्तालाई उपलव्ध गराउनु पर्ने दायित्य सम्बन्धित महाशाखा प्रमुखको हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्रारम्भिक छानबिनको लागि तोकिएका न्याय परिषदका सदस्य वा सर्वोच्च अदालतको न्यायाधीशले माग गरेको आवश्यक जनशक्ति र छानबिनकालागि चाहिने आवश्यक मसलन्द, सवारी साधन, कानून बमोजिम पाउने दैनिक भ्रमण खर्च आदि सचिवालयले उपलव्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रारम्भिक छानबिनका लागि तोकिएका न्याय परिषदका सदस्य वा सर्वोच्च अदालतका न्यायाधीशले छानबिन गर्न लागेको विषयको वारेमा सम्बन्धित न्यायाधीशलाई जानकारी गराउने, उजुरीका सम्बन्धमा सम्बन्धित न्यायाधीश वा अन्य सम्बद्ध व्यक्तिसँग प्रत्यक्षरुपमा सोधपुछ गरी कागज गराउने तथा घटना विवरण थाहा पाउने व्यक्तिहरुको संभव भए वस्तुस्थिति मुचुल्का गराउने, उजूरीसँग सम्बन्धित घटनास्थलको अवलोकन गरी मुचुल्का उठाउन आवश्यक ठानेमा उठाउने, शंकाश्पद चिज, वस्तु, मानिस वा स्थानको तलासी लिनु पर्ने भए लिई कुनै सबुद प्रमाण भेटिएमा वरामदी मुचुल्का गराउने, कुनै विवरण वा कागजात माग गर्नु पर्ने भए सम्बन्धित निकायबाट झिकाउने, कुनै वैज्ञानिक जाँच वा परीक्षण गर्नु पर्ने भए गराई सो को विवरण मिसिल सामेल राख्ने लगायतका कार्यहरु गर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्रारम्भिक छानबिनका लागि तोकिएका न्याय परिषदका सदस्य वा सर्वोच्च अदालतको न्यायाधीशले माग गरेका कागजात विवरण उपलव्ध गराउनु सम्बन्धित अदालत वा निकाय वा सम्बन्धित पदाधिकारीको कर्तव्य हुनेछ । यसरी मागेको विवरण नदिने वा छानबिनमा असहयोग गर्ने अदालत वा निकाय वा सम्बन्धित पदाधिकारी उपर प्रतिवेदनका आधारमा न्याय परिषदले निर्णय गरी सम्बन्धित निकायमा कारवाहीको लागि लेखी पठाइनेछ ।

(५) उपदफा (१) बमोजिम प्रारम्भिक छानबिनको लागि तोकिएका न्याय परिषदका सदस्य वा सर्वोच्च अदालतका न्यायाधीशले तोकेको अवधिभित्र छानबिन गरी तयार पारेको आफ्नो राय सहितको छानविन प्रतिवेदन सचिवालयमा दर्ता गर्नु पर्ने छ र उक्त प्रतिवेदन परिषद बैठकमा पेश गरिनेछ ।

(६) नियमावलीको नियम १७ (४) बमोजिम परिषद समक्ष पर्न आएको उजूरी उपर तीन महिनाभित्र प्रारम्भिक छानबिन गरिसक्नु पर्नेछ ।

(७) यस दफा अन्तर्गत हुने जाँचबुझ समितिको काम कारबाही गोप्य रहनेछ ।

१०.**जाँचबुझ समिति सम्बन्धी :** (१) परिषदले ऐनको दफा १७ वा १८ बमोजिम प्राप्त प्रतिवेदनबाट वा न्याय परिषद आफैले उच्च अदालत वा जिल्ला अदालतको कुनै न्यायाधीशको विरुद्धमा जाँचबुझ गराउन आवश्यक देखेमा ऐनको दफा १९ बमोजिम न्याय परिषदको कुनै सदस्य वा सर्वोच्च अदालतको न्यायाधीशको अध्यक्षतामा सम्बन्धित क्षेत्रको विज्ञ सहितको तीन सदस्यीय जाँचबुझ समिति गठन गर्ने निर्णय गरी तत्सम्बन्धी

सूचना नेपाल राजपत्रमा प्रकाशित गर्नको लागि कानून न्याय तथा संसदीय मामिला मन्त्रालय मार्फत मुद्रण विभागमा लेखी पठाउनु पर्नेछ।

(२) संविधानको धारा १५३ को उपधारा (५) बमोजिम कुनै न्यायाधीशको विषयमा पर्न आएको उजुरीको सम्बन्धमा विशेषज्ञबाट विस्तृत छानबिन गर्नुपर्ने भनी प्रारम्भिक छानबिनबाट दफा ९ को उपदफा (५) बमोजिम राय प्रतिवेदन पेश हुन आएमा न्याय परिषदले एक वा सो भन्दा बढी बढीमा तीन सदस्यीय जाँचबुझ समिति गठन गर्ने निर्णय गरी तत्सम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशित गर्नको लागि कानून न्याय तथा संसदीय मामिला मन्त्रालय मार्फत मुद्रण विभागमा लेखी पठाउनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम गठित जाँचबुझ समितिलाई उजूरीसँग सम्बन्धित फाइल र सोसँग सम्बन्धित अन्य विवरण उपलव्ध गराउनु पर्ने दायित्व सम्बन्धित महाशाखा प्रमुखको हुनेछ ।

(४) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा दफा ८ र ९ बमोजिम पहिचान गरिएका विषयहरुमा केन्द्रित रही त्यस्ता विषयसंग सम्बन्धित थप कागजात र विवरण सम्बन्धित निकायबाट माग गर्न सकिने छ।

(५) जाँचबुझ समितिले जाँचबुझको सिलसिलामा आरोप लागेको न्यायाधीशलाई जाँचबुझ गर्न लागिएको विषयमा सूचना दिने, आरोपित न्यायाधीशलाई उपस्थितिको लागि मनासिव माफिकको बढीमा १० (दश) दिने सूचना दिने, आरोपित न्यायाधीशको वयान गराउने वा साक्षी प्रमाण बुझ्ने सम्बन्धमा जाँचबुझ आयोग ऐन,२०२६ बमोजिम गठित आयोगले प्रयोग गर्ने अधिकार प्रयोग गर्न सक्नेछ ।

(६) ऐनको दफा २०(३) बमोजिम जाँचबुझ समितिले जाँचबुझको कारवाही भएको ठाउँमा आरोप लागेको न्यायाधीश, कानून व्यवसायी तथा उजूरवाला बाहेक अन्य कुनै व्यक्तिलाई उपस्थित हुने वा कारवाहीमा भाग लिने अनुमति दिन नहुने हुँदा जाँचबुझ समिति यस विषयमा सचेत रही सावधानी अपनाउनेछ ।

(७) जाँचबुझ समितिले दिएको आदेशको अवहेलना गर्ने वा जाँचबुझको कारवाहीमा बाधा पुर्याउने व्यक्तिलाई जाँचबुझ समितिले तीन हजार रुपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुबै सजाय गर्न सक्ने र सम्बन्धित व्यक्तिले समितिसमक्ष क्षमा मागी समिति सन्तुष्ट भएमा कुनै सजाय नगरिने ऐनको दफा २० को उपदफा (४),(५) र (६) को प्रावधानको प्रयोग जाँचबुझ समितिले विवेकपूर्ण तरिकाले गर्नेछ ।

(८) जाँचबुझ समितिको कार्यालय न्याय परिषदको सचिवालय रहने र जाँचबुझ समितिले माग गरेको आवश्यक जनशक्ति र जाँचबुझकालागि चाहिने आवश्यक मसलन्द, सवारी साधन, कानून बमोजिम पाउने दैनिक भ्रमण खर्च आदि सचिवालयले उपलव्ध गराउनु पर्नेछ ।

(९) ऐनको दफा १९ को उपदफा (४) बमोजिम जाँचबुझ समितिको सचिवको काम न्याय परिषदको सचिव वा न्याय परिषदले तोकेको संघीय न्याय सेवाको राजपत्रांकित कर्मचारीले गर्नेछ ।

**११. सफाईको मौका दिने सम्बन्धी :** (१) ऐनको दफा १७, १८ वा १९ बमोजिमको प्रतिवेदन न्याय परिषद समक्ष पेश भई प्रतिवेदनको आधारमा परिषदले आरोपित न्यायाधीशलाई संविधान वा प्रचलित कानुन बमोजिम कारबाही गर्नुपर्ने देखिएमा कारबाही गर्नु नपर्ने कुनै आधार र कारण भए खुलाई सूचना प्राप्त भएको मितिले १५(पन्ध्र) दिन भित्र स्पष्टिकरण पेश गर्नु भनी प्रतिवेदनको प्रतिलिपी साथै राखी महाशाखा प्रमुखले गोप्य रुपमा सूचना जारी गरी सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अवधिभित्र कावु बाहिरको परिस्थिति परी सफाई पेश गर्न नसकेकाले पुनः सफाई पेश गर्ने मौका पाउँ भनी पहिले जारी भएको १५ (पन्ध्र) दिने सूचना म्याद समाप्त भएको मितिले ७ (सात) दिनभित्र पर्याप्त आधार र कारण खुलाई दरखास्त दिन आए सचिवले एक पटकको लागि सफाई पेश गर्ने मौका प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम अवधि भित्र सफाई पेश नगरेमा वा पेश गरेको सफाई सन्तोषजनक नदेखिएमा आरोपित न्यायाधीशलाई ऐन बमोजिम सजाय गर्न परिषदले निर्णय गरी उच्च अदालतको न्यायाधीशको हकमा संविधानको धारा १४२ को उपधारा (१) को खण्ड (ग) तथा जिल्ला न्यायाधीशको

हकमा धारा १४९ को उपधारा (६) को खण्ड (ग) बमोजिम प्रधान न्यायाधीश समक्ष सिफारिस गर्नेछ र त्यस्तो सिफारिस प्राप्त भएको मितिले ७ (सात) दिनभित्र प्रधान न्यायाधीशले न्याय परिषदको सिफारिस कार्यान्वयन गरीसक्नु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिए तापनि प्रचलित कानून बमोजिम मुद्दा चलाउनु पर्ने देखिएमा परिषदले सो सम्बन्धमा निर्णय गरी कानून बमोजिम मुद्दा दायर गर्न सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

## परिच्छेद -३
## भ्रष्टाचारसम्बन्धी अनुसन्धान र मुद्दाको दायरी

**१२.भ्रष्ट्राचारको कसूरमा अनुसन्धान अधिकृत तोक्ने र मुद्दा दायर गर्ने कार्यविधि** : (१) संविधानको धारा १५३ को उपधारा (६) बमोजिम न्यायाधीशले भ्रष्ट्राचार गरी अख्तियारको दुरुपयोग गरेको विषयमा अनुसन्धान गर्ने प्रयोजनको लागि न्याय परिषदले सर्बोच्च अदालतको न्यायाधीश वा उच्च अदालतको कुनै न्यायाधीशलाई अनुसन्धान अधिकृतको रुपमा तोक्ने निर्णय गरेमा सो सम्बन्धी उजुरी फाइलको सक्कलै प्रति महाशाखाले सम्बन्धित अनुसन्धान अधिकृतलाई बुझाउनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अनुसन्धान अधिकृतले भ्रष्ट्राचार निवारण ऐन, २०५९ बमोजिमको अनुसन्धान अधिकारीले प्रयोग गर्ने अधिकार प्रयोग गर्न सक्नेछ ।

(३) अनुसन्धान तहकिकात गर्दा अनुसन्धान अधिकृतले कुनै विषयमा दक्ष, विज्ञ वा विशेषज्ञको राय परामर्श आवश्यक परेमा सम्बन्धित दक्ष, विज्ञ वा विशेषज्ञसँग राय परामर्श लिन सक्नेछ । साथै कुनै वैज्ञानिक परीक्षण गर्नु पर्ने भएमा सो समेत गर्न गराउन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम तोकिएको अनुसन्धान अधिकृतले माग गरेको आवश्यक जनशक्ति र अनुसन्धान तहकिकातकालागि चाहिने आवश्यक मसलन्द, सवारी साधन, कानून बमोजिम पाउने दैनिक भ्रमण खर्च आदि सचिवालयले उपलव्ध गराउनु पर्नेछ ।

(५) अनुसन्धान अधिकारीले गरेको अनुसन्धान तहकिकातबाट कुनै न्यायाधीश उपर भ्रष्ट्राचार गरी अख्तियारको दुरुपयोग गरेको अभियोगमा मुद्दा चलाउनु पर्ने देखेमा सोही व्यहोराको आफ्नो राय सहितको प्रतिवेदन परिषदमा पेश गरेमा सचिवले निर्णयार्थ परिषदको बैठकमा पेश गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम पेश भएको प्रतिवेदनको आधारमा परिषदले आरोपित न्यायाधीश उपर मुद्दा चलाउनु पर्ने देखेमा आवश्यकतानुसार महान्यायाधिवक्तासँग परामर्श लिई निर्णय गरी भ्रष्टाचार सम्बन्धी मुद्दाको कारवाही र किनारा गर्न प्रचलित कानुन बमोजिम नेपाल सरकारले तोकेको अदालतमा न्याय परिषदको तर्फबाट मुद्दा दायर गर्न परिषदको सचिव वा परिषदको अन्य कुनै राजपत्रांकित अधिकृतलाई तोक्ने निर्णय गर्नेछ ।

(७) उपदफा (६) बमोजिम निर्णय भएको ७ (सात) दिनभित्र न्याय परिषदको तर्फबाट मुद्दा दायर गर्न तोकिएको परिषदको सचिव वा परिषदको अन्य अधिकृतले नेपाल सरकारले तोकेको अदालतमा आरोपित न्यायाधीश उपर अनुसन्धान तहकिकातको सिलसिलामा तयार पारिएका सक्कलै कागजात सहित आरोपपत्र दायर गर्नेछ । आरोपपत्र दायर गर्दा संकलित सबुद प्रमाण, वरामद दशीका चिज वस्तु र मानिस पक्राउ परेको भए सो समेत सम्बन्धित अदालतमा पेश गर्नु पर्नेछ र सम्बन्धित सरकारी वकिललाई प्रतिरक्षाको लागि लेखी पठाई एक प्रति नक्कल फाइल समेत उपलव्ध गराउनु पर्नेछ ।

(८) यस दफा बमोजिम मुद्दा चलेको विषयमा न्यायाधीश बाहेक अन्य व्यक्ति समेत संलग्न भएको भनी अनुसन्धान अधिकृतले गरेको अनुसन्धान तहकिकातबाट खुली आई प्रतिवेदन पेश भएकोमा परिषदले त्यस्ता व्यक्ति उपर प्रचलित कानून बमोजिम मुद्दा चलाउन सम्बन्धित निकायमा लेखी पठाउने निर्णय गर्नेछ र सम्बन्धित निकायले निर्णय कार्यान्वयन गरेको जानकारी न्याय परिषदलाई दिनु पर्नेछ ।

(९) यस दफा बमोजिम चलेको मुद्दामा साक्षी सबुद प्रमाण सरकारी वकिल कार्यालय मार्फत सचिवालयले उपस्थित गराउनेछ र त्यस्तो साक्षीलाई सरकारी कर्मचारी भए प्रचलित कानूनले पाउने दैनिक भ्रमण खर्च र सरकारी कर्मचारी नभए राजपत्र अनंकित प्रथम श्रेणीको कर्मचारीले पाए सरह दैनिक भ्रमण खर्च सचिवालयले उपलव्ध गराउनेछ।

## परिच्छेद-४
## निलम्बन हुने र कार्यसम्पादन गर्न नपाउने

**१३.स्वतः निलम्बन  र निलम्बनको समाप्तिः** (१) ऐनको दफा २३ बमोजिम देहायको अवस्थामा न्यायाधीश आफ्नो पदबाट स्वतः निलम्बन हुनेछः-

(क) भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम स्वतः निलम्बन हुने अवस्थामा, वा

(ख) खराव आचरणको आधारमा प्रचलित कानून बमोजिम मुद्दा दायर भएकोमा मुद्दा दायर भएको मितिदेखि।

(२) स्वतः निलम्बनमा रहेको अवधि खोली सो सम्बन्धी विवरण सम्बन्धित न्यायाधीशको व्यक्तिगत विवरणमा अभिलेख राखिनेछ ।

(३) ऐनको दफा २४ बमोजिम कुनै न्यायाधीश विरुद्ध न्याय परिषद ऐन अन्तरगत दायर भएको मुद्दामा निजले सफाई पाएमा सफाई पाएको मितिबाट निजको निलम्बन स्वतः समाप्त हुने हुँदा सो सो सम्बन्धी विवरण सम्बन्धित न्यायाधीशको व्यक्तिगत विवरणमा अभिलेख राखिनेछ ।

**१४. कार्यसम्पादन गर्न नपाउने सम्बन्धी :** (१) कुनै न्यायाधीश विरुद्ध जाँचबुझ गर्न जाँचबुझ समिति गठन भएको वा ऐनको दफा २२ बमोजिम भ्रष्टाचारको कसूरमा अनुसन्धान प्रारम्भ भएमा त्यस्तो न्यायाधीशले त्यस्तो काम कारबाहीको टुंगो नलागेसम्म आफ्नो पदको कार्यसम्पादन गर्न नपाउने हुँदा सो सम्बन्धी विवरण सम्बन्धित न्यायाधीशको व्यक्तिगत विवरणमा समेत अभिलेख राखिनेछ ।

## परिच्छेद- ५
## विविध

**१५. तामेली सम्बन्धी :** (१) दफा ८, ९ र १० बमोजिमको प्रतिवेदनबाट कुनै न्यायाधीश विरुद्धको उजूरी तथ्यहीन देखिएमा परिषदले त्यस्तो उजूरी तामेलीमा राख्ने निर्णय गर्नेछ ।

(२) दफा ८, ९ र १० बमोजिमको प्रतिवेदनबाट कुनै न्यायाधीश विरुद्धको उजूरी ठोस, वस्तुनिष्ठ प्रमाणको अभावमा पुष्टि हुन नसक्ने खालको भएमा पछि पर्याप्त प्रमाण भएका अवस्थामा कानून बमोजिम हुने गरी परिषदले त्यस्तो उजुरीलाई तामेलीमा राख्ने निर्णय गर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम तामेलीमा राख्ने गरी भएको निर्णयको जानकारी उच्च अदालतको मुख्य न्यायाधीशको हकमा सचिवले, उच्च अदालतको न्यायाधीशको हकमा महाशाखा प्रमुखले र जिल्ला न्यायाधीशको हकमा उजुरी शाखाको प्रमुखले सम्बन्धित न्यायाधीश र उजुरीकर्तालाई जानकारी दिनु पर्नेछ।

**१६. छानविन प्रकृया सञ्चालन सम्बन्धी अन्य व्यवस्था** : (१) उजूरी छानविन प्रकृयामा संलग्न सदस्य वा सर्वोच्च अदालतको न्यायाधीशलाई वा उजूरीको छानविनको लागि कुनै कार्यदल वा उपसमिति गठन भएमा सो समितिका पदाधिकारीलाई छानविनको क्रममा लागेको अतिरिक्त समयको नियमानुसार पाउने भत्ता उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम छानविनको क्रममा सदस्य वा सर्वोच्च अदालतको न्यायाधीशको सहयोगीको रुपमा काम गर्ने कर्मचारी समेतले कानुन बमोजिमको भत्ता पाउनेछ ।

**१७.परिमार्जन, संसोधन वा थपघटः** यो कार्यविधि परिषदको आन्तरिक व्यवस्थापनका लागि तयार गरिएको हुँदा परिषदले आवश्यकता अनुसार परिमार्जन, संशोधन वा थपघट गरी हेरफेर गर्न सक्नेछ ।